नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को संयुक्त बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७७/०७/३ गते सोमबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहामा बस्यो ।

**विशेष उपस्थिती (सल्लाहकार) :**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा
नगर प्रमुख, श्री अशेस्वर प्रसाद यादव, सिरहा नगरपालिका, सिरहा

**उपस्थिति:**

१. प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्याल, सिरहा - संयोजक
२. प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेरगण चोहर्वा व्यारेक
३. प्रहरी उपरिक्षक, श्री उमाशंकर पंजियार, जिल्ला प्रहरी कार्यालय, सिरहा
४. सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा
५. उप. अनु.निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा
६. समन्वय अधिकारी, श्री [illegible] जिल्ला समन्वय समिति, सिरहा
७. प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा
८. मे.सु., डा. नागेन्द्र प्रसाद यादव, जिल्ला अस्पताल सिरहा
९. सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा
१०. अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा
११. प्रतिनिधि, देव कुमार यादव, पत्रकार महासंघ, सिरहा
१२. [illegible] जिल्ला अस्पताल, सिरहा ।

**बैठकको कारवाही एवम निर्णयहरु:**

१. DCCMC बैठकका पूर्व निर्णयहरुको कार्यान्वयन प्रगति एवम् COVID-19 जोखिम न्यूनीकरण सम्वन्धी विद्यमान अवस्था वारे छलफल भयो ।

२. कोभिड-१९ व्यवस्थापनको सिरहाको हालको अवस्था देहाय अनुरुप रहेको व्यहोरा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु | म | ज | | | पु | म | ज | | | | | | | | | |
| सिरहा | ३० | ० | १७ | १२५० | ७ | ५ | १२ | ७८०६ | २०० | ६१४ | ५२ | ६६६ | ७५४ | ११००१ | १०९५४ | १४३६ | ६६६ | ७५४ | १६ | ३४५० | |

प्रमुख जिल्ला अधिकारी

३. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ११५९ मिति २०७७/०६/२५ को पत्रबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापन इकाईको च.नं. ५३७ मिति २०७७/०६/२३ गतेको पत्रबाट विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमणका कारण नेपालमा पनि दिनानुदिन संक्रमितहरुको संख्या बढ्दै गइरहेको सन्दर्भमा लक्षण देखापरेका संक्रमितहरुलाई अस्पतालमा सम्पर्क राख्न तथा स्वास्थ्यकर्मीहरुको सल्लाह अनुसार गर्ने र लक्षण नभएका संक्रमितहरुलाई सकेसम्म घरमै आईसोलेसनमा राख्ने व्यवस्था मिलाउन तथा लक्षण नभएका संक्रमित व्यक्तिहरु जथाभावी रुपमा सडकमा हिडडुल गरेका र काममा समेत जाने गरेकोले निजहरुलाई संक्रमण रोग ऐन २०२० को दफा ३ को १ अनुसार कारवाही हुन निर्देशन प्राप्त भएको व्यहोरा बैठकमा अवगत भयो र सोही अनुसार गर्ने गराउने ।

४. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १२३५ मिति २०७७/०६/३० को पत्रबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापन इकाईको च.नं. ५४६ मिति २०७७/०६/०५ गतेको कोभिड-१९ को रोगको रोकथाम तथा नियन्त्रण सम्वन्धमा बसेको ICS बैठकबाट सार्वजनिक स्थानहरु तथा सार्वजनिक यातायातका संचालकहरु र जिम्मेवार निकाय र पदाधिकारीहरुलाई कोभिड-१९ को संक्रमण र जोखिम रोक्नका लागि भुमिका निभाउन सम्वन्धित निकायहरु सँग समन्वय र सहकार्य अझ बढाउने र यस किसिमका सार्वजनिक स्थानहरुको निसंक्रमण गर्ने कार्य तथा जनस्वास्थ्यका मापदण्डहरु कडाईका साथ लागु गर्न र जनस्वास्थ्यका मापदण्ड लागु नगर्ने नगराउनेहरुलाई काडाकारवाही गर्न वारे पत्रको व्यहोरा बैठकमा अवगत भयो र सोही बमोजिम गर्ने गराउने ।

५. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १२३७ मिति २०७७/०६/३० को पत्रबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. म.बै./३२१/१५९१,१५९२ र १५९३ मिति २०७७/०६/२६ गतेको पत्र मार्फत कोभिड-१९ सम्वन्धि मं.प.बै.सं. ४०/०७७, मिति २०७७/०६/२६ को नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकको निर्णय कार्यान्वन गर्ने सम्वन्धि पत्रको व्यहोरा बैठकमा अवगत भयो ।

६. कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न जिल्ला प्रशासन कार्यालय -सिरहाबाट जारी देहायको आदेश तथा सूचनामा उल्लेखित विषयको फिल्ड स्तरमा प्रभावकारी कार्यान्वयनको लागि ;

जिल्ला सम्नवय सिमितिको उप-प्रमुखको संयोजकत्वमा गठित वडा स्तरीय अनुगमन समिति समेतले दैनिक अनुगमन गर्ने ।

यसमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण ले आवश्यक सहयोग पु-याउने । प्रहरी सम्वद्ध सुरक्षा निकायले पनि आ-आफ्नो क्षेत्रमा दैनिक नियमित अनुगमन गर्ने ।

(क) २०७७/०६/२५ देखि २०७७ कार्तिक १५ सम्म जारी आंशिक निषेध सम्वद्ध आदेश ।
(ख) २०७७/०७/०१ देखि २०७७ /०७/०९ सम्म शक्तिपिठमा दर्शन निषेध सम्वन्धि २०७७/०६/३० मा जारी आदेश ।
(ग) २०७७ को दशैं तिहार, छठमा घरमै बसि चाड मनाउन, संक्षिप्त क्षमा पुजा गरी पशुपन्छि बली नदिन २०७७/०६/२५ मा जारी सूचना ।

७. प्रदेश सरकार, प्रदेश नं.- २ बाट सिरहा कारागारको कोभिड-१९ सम्वद्ध जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा प्राप्त रु.१५,००,०००/- (रुपैंया. पन्ध्र लाख) जिल्ला प्रशासन कार्यालय सिरहाको पुरानो जीर्ण भवन मर्मत संभार गरी सिरहा कारागारका कोभिड-१९ सम्वद्ध व्यक्ति समेतकालागि आईसोलेसन व्यवस्थापन गर्न खर्च गर्ने ।

८. हाल सिरहा जिल्लाको कुन-कुन न.पा./गा.पा. को कुन-कुन स्थानमा ;
क्वारेन्टिन-आईसोलेसन संचालनमा रहेको छ ?
वेड क्षमता कति छ ?
यथार्थ विवरण स्वास्थ्य कार्यालय, सिरहाले भोली (२०७७/०७/०४) भित्रै प्रतिवेदन गर्ने ।

९. सिरहाको माडर नाकामा संचालित होल्डिङ्ग सेन्टरको खर्च विनियोजन/निकासाका लागि पुन: प्रदेश सरकार, प्रदेश नं.२ को मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र समामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

प्रमुख जिल्ला अधिकारी

१०. सिरहा अस्पतालबाट संचालित महेन्द्र गेनाई तथा साविक चन्द्र मा.बि. सिरहा-हाल सूर्य नारायण सत्य नारायण मोरवैता यादव वहुमुखि क्याम्पसको होस्टेलमा सारिएको आईसोलेसनका विरामी तथा सम्वद्ध चिकित्सक/स्वास्थ्यकर्मीलाई सिरहा अस्पतालले उधारोमा खुवाई रहेको खाना तथा अन्य खर्चको भुक्तानी दिन र थप बजेट बिनियोजन/निकासा गरिदिन प्रदेश सरकार, प्रदेश नं.२ को मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समामाजिक विकास मन्त्रालय र प्रदेश स्वास्थ्य सेवा निर्देशनालय समेतलाई अनुरोध गर्ने।

११. सिरहा कारागारमा साविकमा ५९९ मध्ये ५०७ जनालाई कोभिड-१९ संक्रमण हुन पुगेकोमा हाल सम्म पनि ४९१जना संक्रमित रहेको भनी सिरहा अस्पतालको कोभिड सेन्टरबाट दैनिक विवरण आईरहेको हुँदा सिरहा कारागारका संक्रमित बन्दीहरुलाई नेपाल सरकार- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रोटोकल अनुरुप एकीन गरी डिस्चार्ज गर्ने।

१२. घरेलु तथा साना उद्योग कार्यालय लहान-सिरहाको मिति २०७७/०६/२३ च.नं. १९४७ को पत्रद्वारा इट्टा भट्टा लागयतका उद्योगमा PCR परीक्षण नगराई आउने भारतीय तथा बालश्रम सम्वन्धमा २०७७/०६/२१ को दिन गोलबजार न.पा. र इट्टा उद्योगी व्यवसायी विच छलफल भै भएको निर्णय बैठकमा अवगत भयो।

यसमा नेपाल सरकारको स्वीकृत नीति विपरित नगर्न नगराउन र स्वीकृत स्वास्थ्य तथा सुरक्षा मापदण्ड प्रोटोकल पालना गर्न गराउन घरेलु तथा साना उद्योग कार्यालय र स्थानीय तह (न.पा./गा.पा.) मार्फत सबै इट्टा व्यवसायीलाई जानकारी दिई सो दुवै कार्यालय मार्फत अनुगमन गर्ने गराउने।

इट्टा व्यसायकै सम्वन्धमा जिल्ला प्रशासन कार्यालयबाट मिति २०७७/०७/०२ च.नं. १९१८को पत्रबाट गृह मन्त्रलाय तथा CCMC समेतमा पृष्ठपोषण दिइएको देहायको व्यहोरा समेत बैठकमा अवगत भयो।

क) सिरहा जिल्लाको हकमा सिरहाको माडर नाकाबाट मात्र भारत हुँदै नेपाली नागरिक आउन पाउने हालको व्यवस्थामा सिरहाको ठाडी नाका मान्यता प्राप्त भारतीय श्रमिककालागि निर्धारण गरी उद्यमीले माग गरेको भारतीय श्रमिकहरुको विवरण जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयको सिफारिस र DCCMC को निर्णयमा अनुमति दिन उपयुक्त हुने।

ख) यसरी अनुमति दिदाँ भारतीय श्रमिकलाई छुट्टै सवारी साधनमा इट्टा व्यवसायीले आफ्नो परिसरमा लगि १४ दिन क्वारेन्टिनमा राखी कोभिड-१९ संक्रमणको लक्षण नदेखिएमा काममा लगाउने, लक्षण देखिएमा उद्योगले नै आईसोलेट गरी स्वास्थ्य निकायको समन्वयमा आवश्यक उपचार गर्ने।

ग) यसको अनुगमन सम्वन्धित स्थानीय तहको मुल कार्यालय/वडा कार्यालय घरेलु तथा साना उद्योगको कार्यालय, स्वास्थ्य कार्यालय र प्रहरी निकायको प्रतिनिधित्व हुने गरी अनुगमन गरी आवश्यक निर्देशन दिन सक्ने।

घ) श्रमिक बोक्ने सवारी साधनको डिसइन्फेक्सन गर्ने र श्रमिकको स्वास्थ्य तथा सुरक्षाको मापदण्ड/प्रोटोकल पालना गराउने प्रारम्भिक दायित्व उद्यमिले नै वहन गर्नु पर्ने।

१३. सिरहा अस्पताल सिरहासँग प्रयाप्त आर्थिक श्रोत नभएकोले सिरहा अस्पतालको PCR Machine को लागि चाहिने UPS Online को वाँकी अन्य समान PCR मेसिन सँगै किनेर पठाई दिनका लागि प्रदेश सरकार, प्रदेश नं.२ समाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने।

प्रमुख जिल्ला अधिकारी